# उच्च अदालत तुलसीपुर नेपालगंञ्ज इजलास

२०७३

☎०८१-५३१४६४


पत्र संख्याः-०७८/०७९

मितिः-२०७८/०७/११

चलानी नम्बर-

चलानी संख्या मितिः-

**बिषयः वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धी सूचना।**

यस अदालतमा मिति २०७८।०८।०१ गते देखि वैतनिक कानून व्यवसायी पद रिक्त हुने भएकोले रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा रही काम गर्न इच्छुक देहाय बमोजिमको योग्यता पुगेका अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहाय बमोजिमको प्रमाण कागजात साथ राखी तोकिएको अवधि भित्र रु.१० को नगदी रसिद संलग्न गरी यस अदालतमा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

(चिन्तामणी शर्मा)
रजिष्ट्रार

१. पदः- वैतनिक कानून व्यवसायी

२. अवधिः- १(एक) बर्ष

३. योग्यताः- अधिवक्ताको हैसियतले कम्तिमा २ बर्षको वकालतको अनुभव प्राप्त भएको निजी कानून व्यवसायमा अत्याधिक व्यस्त हुन नहुने।

४. मासिक पारिश्रमिकः- प्रचलित कानून बमोजिम हुनेछ।

५. प्रदान गर्नु पर्ने सेवाः- अदालतले तोकेको असमर्थ पक्षको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्न अदालती लिखत तयार गरी पेश गर्ने र आवश्यक कानूनी सल्लाह दिने एवं कारागार भ्रमण गरी प्रतिवेदन पेश गर्ने लगायत अदालतबाट तोकिएको अन्य कार्य गर्ने।

६. संलग्न गर्नु पर्ने कागजातहरुः-

(क) कानूनमा स्नातक/स्नातकोत्तरको प्रमाणपत्रको प्रतिलिपी।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी।

(ग) सम्बन्धित विषयमा कुनै तालिम प्राप्त भए सोको प्रतिलिपी।

७. छनौट प्रकृयाः- अन्तरवार्ता र तोकिएका अन्य आधारमा हुने।

८. सम्पर्क मितिः- मिति २०७८।०७।२६ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो पछि अड्डा खुलेको पहिलो दिन)

९. नियुक्ति लिन आउनुपर्ने अवधिः- नियुक्तिका लागि छनौट भएका उम्मेदवारले सो छनौट भएको ७ दिनभित्र नियुक्ति लिन आउनु पर्ने।


website:http://supremecourt.gov.np/court/nepalgunjhc
Email: admin.hcinepalgunj@supremecourt.gov.np, Email: info.hcinepalgunj@supremecourt.gov.np